# राष्ट्रिय सूचना आयोग

## का.म.न.पा.-१० (देवीनगर) काठमाडौं

प. सं. ०७९/८०
च. नं.

## सूचना नदिने त्रिभुवन विश्वविद्यालय, परीक्षा नियन्त्रण कार्यालयका कार्यालय प्रमुख उपर जरिवाना

नेपालको संविधान, २०७२ को धारा २७ मा "प्रत्येक नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि बिषयको सूचना माग्ने र पाउने हक हुनेछ" भनी उल्लेख भएको र सोही व्यवस्थाको कार्यान्वयनका लागि सूचनाको हकसम्बन्धी ऐन, २०६४ जारी भएको छ । उक्त ऐनको दफा ३ को उपदफा (१) मा प्रत्येक नेपाली नागरिकलाई यस ऐनको अधीनमा रही सूचनाको हक हुने र उपदफा (२) मा प्रत्येक नेपाली नागरिकलाई सार्वजनिक निकायमा रहेको सूचनामा पहुँच हुनेछ भन्ने उल्लेख छ । लोकतान्त्रिक पद्दतिमा सर्वसाधारण नागरिकले सार्वजनिक निकायहरुबाट भए गरेका कार्यहरूको बारेमा थाहा पाउने वा जान्न पाउने अधिकार सुनिश्चितता गरिएको हुन्छ । यसबाट सर्वसाधारण नागरिक सुसूचित हुने र स्वाभाविक रुपमा त्यस्ता कार्यहरूको स्वामित्व ग्रहण गर्ने अवस्था सिर्जना हुन्छ । साथै सार्वजनिक निकायलाई पारदर्शी हुन, जवाफदेही बनाउन, उत्तरदायी बनाउन पनि सघाउ पुग्दछ । सुशासन कायम गर्न मद्दत गर्दछ । यस अवस्थामा सर्वसाधारण नागरिकले कुनै सार्वजनिक निकायमा सूचना माग गर्दा सम्मानपूर्वक सूचना उपलब्ध गराउनु पर्ने हुन्छ । आयोग सम्म पुनरावेदन गर्नु पर्ने अवस्था नै सिर्जना गर्नु हुँदैन ।

प्रस्तुत विषयमा सूचना मागकर्ता रौतहट जिल्ला, मलोहिया-५ निवासी राजीब दासले माग गरेको सूचना, सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३ को उपदफा (३) भित्र पर्ने विषय नभएको हुँदा सूचना माग गर्दा नै तत्काल उपलब्ध गराउनु पर्ने देखिन्छ । सूचना मागकर्तालाई राष्ट्रिय सूचना आयोग समक्ष पुनरावेदन गर्न आउनु पर्ने अवस्था सृजना गराउन आवश्यक देखिँदैन । साथै आयोग समक्ष पुनरावेदन प्राप्त भए पश्चात आयोगबाट विपक्षी त्रि. वि., परीक्षा नियन्त्रण कार्यालय, बल्खुका कार्यालय प्रमुख, परीक्षा नियन्त्रकका नाममा पटक पटक लिखित जवाफ माग गर्दा तथा सूचना उपलब्ध गराउन आदेश हुँदा पनि सूचना मागकर्ता नागरिकका तर्फबाट माग भएको सूचना उपलब्ध गराउने प्रयास भएको देखिँदैन । यस अवस्थामा विपक्षी त्रि. वि., परीक्षा नियन्त्रण कार्यालय, बल्खुका कार्यालय प्रमुखलाई मिति २०७८।११।०९ मा लिखित जवाफ पेश गर्न भनेकोमा कुनै लिखित जवाफ पेश नगरेको र आयोगबाट मिति २०७८ चैत ४ को इजलासबाट सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा १० को उपदफा (३) को खण्ड (क) अनुसार ७ दिनभित्र सूचना उपलब्ध गराउनू भन्ने आदेश भै सक्दा समेत हालसम्म सूचना उपलब्ध नगराएको भनी पुनरावेदकले मिति २०७९।०१।१५ मा आयोगमा निवेदन दिएको देखिँदा विपक्षी कार्यालय प्रमुखबाट सूचनाको हकसम्बन्धी कानूनको पालना हुन नसकेको स्पष्ट देखिन्छ । यसबाट सार्वजनिक निकायको प्रमुखजस्तो सार्वजनिक पद ग्रहण गर्ने पदाधिकारीबाट कुनै मनासिब कारणबिना नै संवैधानिक तथा कानूनी रुपमा नागरिकलाई प्राप्त अधिकारको वेवास्ता गरेको, कानून पालना गर्न गराउन तत्पर नदेखिएको, सूचना

उपलब्ध गराउनु पर्ने संवैधानिक र कानूनी दायित्वबाट विमुख भई कानूनी व्यवस्थाको पालना हुन नसकेको स्पष्ट हुन्छ । आयोगबाट प्राकृतिक न्यायको सिद्धान्तबमोजिम निज कार्यालय प्रमुख त्रिभुवन विश्वविद्यालय, परीक्षा नियन्त्रण कार्यालय, बल्खुका कार्यालय प्रमुख, परीक्षा नियन्त्रकलाई पटक पटक सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३२ को दफा (१) बमोजिम कारबाही हुने व्यहोरा मार्फत सजग गराउँदा, चेतावनी दिँदा पनि आफ्नो जिम्मेवारी पालनामा पूर्णतः गैरजिम्मेवार देखिएका छन् । यसर्थ, नागरिकको संविधान प्रदत्त र कानूनले व्यवस्था गरेको सूचनाको हकको ठाडो उल्लंघन गर्ने त्रिभुवन विश्वविद्यालय, परीक्षा नियन्त्रण कार्यालय, बल्खुका कार्यालय प्रमुख, परीक्षा नियन्त्रक, पुष्पराज जोशीलाई सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३२ को उपदफा (१) बमोजिम रु. २०,०००।- (बीस हजार रुपैयाँ मात्र) जरिवाना गर्नुका साथै देहाय बमोजिम गर्न आदेश दिएको छः

**<u>तपसिल</u>**

१. सूचनाको हकसम्बन्धी नियमावली, २०६५ को नियम ६(७) बमोजिम आयोगले सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३२(१) बमोजिम गरेको जरिवाना असुल उपर गरी आयोगलाई जानकारी दिनु भनी जिल्ला प्रशासन कार्यालय, काठमाडौंका प्रमुख जिल्ला अधिकारीलाई लेखी पठाउनू ।

२. त्रि. वि., परीक्षा नियन्त्रण कार्यालय, बल्खुसँग भएको सूचना पुनरावेदकलाई उपलब्ध गराई दिन र यस आयोगलाई समेत जानकारी दिन त्रिभुवन विश्वविद्यालयका उपकूलपतिलाई लेखी पठाउनू ।

३. त्रि. वि., परीक्षा नियन्त्रण कार्यालय, बल्खुका कार्यालय प्रमुख, परीक्षा नियन्त्रक, पुष्पराज जोशीलाई विभागीय कारबाही गरी सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३२ को उपदफा (३) बमोजिम जानकारी आयोगलाई गराउन त्रिभुवन विश्वविद्यालयका उपकूलपतिलाई लेखी पठाउनू ।

४. यस निर्णय उपर चित्त नबुझेमा सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३४ बमोजिम जानकारी पाएको मितिले ३५ दिन भित्र उच्च अदालतमा पुनरावेदन गर्न जानु भनी विपक्षीलाई पुनरावेदनको म्याद दिनू ।

कमला ओली थापा
सूचना आयुक्त
काठमाडौँ ।

मिति : २०७९ साउन १० सोमबार